**आकाशवाणी समाचार- नेपाली**

मितिः ०२ अप्रेल २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- **संसदको बजेट सत्र आज समाप्त हुँदैछ।**

- देशको विभिन्न भागहरुमा अनि बिदेशमा पनि आज हनुमान जन्मोत्सव पुरा श्रद्धाको साथ मनाइन्दै छ।

- पश्चिम बंगालमा दोस्रो चरणको मतदानका लागी चुनाव आयोगले आज अधिसूचना जारी गर्नेछ।

- **पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारीले राज्यमा एक्जिट पोलको सञ्चालन, प्रकाशन वा प्रचारमा पूर्ण प्रतिबन्ध लगाउने सूचना जारी गरेका छन्।**

- **आज दार्जिलिंग जिल्लाका बिभिन्न विधानसभा क्षेत्रबाट भारतीय जनता पार्टीका उम्मेदवारहरुले नामांकन पत्र बुझाउने कार्यक्रम रहेको छ |**

**हनुमान जन्मोत्सव**

देशको विभिन्न भागहरुमा अनि बिदेशमा पनि आज हनुमान जन्मोत्सव पुरा श्रद्धाको साथ मनाइन्दै छ। राजधानी दिल्लीमा श्रद्धालुहरु बिहान देखिनै हनुमान मंदिरहरुमा दर्शनको लागि गैरहेका छन्। नयाँ दिल्लीको कनॉट प्लेसमा प्राचीन हनुमान मंदिरमा धैरै संख्यामा श्रद्धालुहरु पुगिरहेका छन्। यस अवसरमा मंदिरहरुमा हनुमान चालीसा, सुंदर कांड अनि अखंड रामायणको पाठ गरिँदैछ। अयोध्याको प्रसिद्ध हनुमानगढी मन्दिरलाई भव्य रूपले सजाइएको छ।

हनुमान मंदिरहरुमा ठुलो संख्यामा श्रद्धालु एकत्रित भएका छन्। धेरै स्थानहरुमा भंडार भोजको पनि आयोजन गरिएको छ। आज हनुमान जयन्ती देश विदेशमा पालन गरिन्दैछ। दार्जिलिंग पहाडका मन्दिरहरू वीशेषगरि महाकालमन्दिरमा बिहान देखिने भक्तहरूको भीड देखिन्दैछ छ। यस अवसरमा उत्तर बंगालका विभिन्न स्थानहरूमा शोभायात्राहरू निकालीने छ। बिभिन्न स्थानहरूमा सवा मनको लड्डू हनुमान जी लाई चढाइन्दैछ।

**अमित शाह**

केन्द्रीय गृह मंत्री अनि भारतीय जनता पार्टीका वरिष्ठ नेता अमित शाह हिज राती कोलकाता आईपुग्नुभयो। उहाले पार्टीको चुनावी कार्यक्रमहरुमा भाग लिनुहुनेछ। उहा आज भबानीपुर निर्वाचन क्षेत्रको लागि नामांकन भर्ने क्रममा विपक्षका नेता सुवेंदु अधिकारीसित उपस्थित रहनुहुनेछ। श्री शाह हाजरा मोड़देखि सर्वे बिल्डिंग सम्म रोड शोमा सामेल हुनुहुनेछ।

**चुनाव आयोग- अधिसूचना**

पश्चिम बंगालमा दोस्रो चरणको मतदानका लागी चुनाव आयोगले आज अधिसूचना जारी गर्नेछ। राज्यका 142 सिटहरूका लागि 29 अप्रैलको दिन मतदान गराइनेछ। यसका साथै दोस्रो चरणका लागि नामांकन पत्र भर्ने प्रकिया शुरू हुनेछ। पहिलो चरणको मतदान 23 अप्रैलको दिन हुनेछ। मतगणना 4 मईको दिन गरिनेछ।

**संसद**

संसदको बजेट सत्र आज समाप्त हुँदैछ। राज्यसभाले आज आन्ध्र प्रदेश पुनर्गठन (संशोधन) विधेयक, 2026 मा चर्चा हुने अपेक्षा गरिएको छ।
बजेट सत्रको पहिलो चरण 28 जनवरी देखि 13 फरवरी सम्म सञ्चालन भएको थियो। सत्रको दोस्रो चरण 8 मार्चमा सुरु भएको थियो । पहिलो चरणमा राष्ट्रपतिको सम्बोधन र बर्ष 2026 – 27 को लागि केन्द्रीय बजेटमा धन्यवाद प्रस्ताव समावेश थियो। दोस्रो चरणमा संसदले वित्त विधेयक 2026 र विनियोजन विधेयक 2026 लाई अनुमोदन गर्‍यो। यस अवधिमा प्रधानमन्त्री नरेन्द्र मोदीले संसदका दुवै सदनमा पश्चिम एसिया द्वन्द्वबाट उत्पन्न परिस्थिति माथि सरकारको अडान प्रस्तुत गर्नुभयो।

**पश्चिम बंगाल - एग्जिट पोल प्रतिबंध**

पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारीले राज्यमा एक्जिट पोलको सञ्चालन, प्रकाशन वा प्रचारमा पूर्ण प्रतिबन्ध लगाउने सूचना जारी गरेका छन् । निर्वाचन आयोगले गत महिनाको १६ तारिख चुनावको मिति घोषणा गर्दा यस सम्बन्धमा निर्देशन जारी गरेको थियो। यो प्रतिबन्ध जनप्रतिनिधित्व ऐन, १९५१ अन्तर्गत सबै प्रकारका मिडिया - प्रिंट, इलेक्ट्रोनिक, वा प्रसारको अन्य कुनै पनि माध्यममा लागू हुनेछ । यो प्रतिबन्ध 9 अप्रिल बिहान 7 बजेदेखि 29 अप्रिल साँझ 6 बजेर 30 मिनेट सम्म लागू हुनेछ।

**पश्चिम बंगाल- मतदाता सूची**

पश्चिम बंगालमा मतदाता सूचीसित सम्बन्धित "तार्किक विसंगति" श्रेणीका मामिलाहरूको न्यायिक जाँच प्रक्रियामा तीव्रता आएको छ। अहिलेसम्ममा 78 प्रतिशतभन्दा अधिक मामिलाहरूको जाँच पूरा भइसकेको छ भने लगभग 13 लाख मामिलाहरूलाई सुल्झाउन बाँकी रहेको छ। अधिकारीहरूले बताए अनुसार 700 भन्दा अधिक न्यायिक अधिकारीहरू यस प्रक्रियामा लागिपरेका छन् जसमा झारखण्ड र ओडिशाबाट आएका लगभग सय-सय जना अधिकारीहरू सामेल छन्। मुख्य निर्वाचन अधिकारी कार्यालयको एक सूत्र अनुसार जुन गतिमा जाँच अगाड़ि बढ़िरहेको छ, त्यसबाट रहल प्रक्रिया यसै सप्ताहभित्रमा पूरा हुने आशा छ। सूत्रले बताए अनुसार गत मंगलवार रातीसम्ममा 47 लाख मामिलाको जाँच पूरा भइसकेको थियो जसमा कतिजनाको नाम हटाइयो, त्यसको सठीक संख्या अहिलेसम्म स्पष्ट हुन सकेको छैन। तथापि प्रतिदिन द्रूत गतिमा भइरहेको जाँच प्रक्रिया अन्तर्गत 40 प्रतिशत नामलाई हटाइँदैछ।नाम काटिएका मतदाताहरूलाई यसको विरोधमा अपील गर्ने अधिकार दिइएको छ। यसको लागि 19 अपीलीय न्यायाधिकरण बनाइएको छ जहाँ प्रभावित मतदाताहरूले आफ्नो अपील दर्ता गर्न सक्नेछन्।उल्लेखनीय छ, न्यायिक जाँचको लागि पठाइएको 60 लाख 675 मामिलालाई भिन्नै राखेर राज्यको अन्तिम मतदाता सूची गत 28 फरवरीमा प्रकाशित गरिएको थियो। सर्वोच्च न्यायालयको निर्देशमा जाँचको प्रगति अनुसार पूरक मतदाता सूची समय-समयमा जारी गरिनुपर्छ।

**पश्चिम बंगाल चुनाव: - समझौता**

पश्चिम बंगाल विधानसभा चुनाव भन्दा पुर्व लेफ्ट फ्रंटले ISF अनि CPI ML लिबरेशन सित सीट शेयरिंग समझौता बारे घोषणा गरेको छ | समझौता अनुसार ISF ले 30 अनि CPI ML लिबरेशनले 8 सीटहरुमा चुनाव लड़नेछ जबकि लेफ्ट फ्रंटले कुल 252 सीटहरुमा आफ्नो उम्मीदवार उतारने भएको छ |

**आरपीएफ - पश्चिम बंगाल**

रेलवे सुरक्षा बलले हिज राति जलपाईगडी रोड स्टेशनमा नर्थ इस्ट एक्सप्रेस रेलगाडीबाट 14 जना बंगलादेशी नागरिकलाई पक्राउ गरेको छ। उनीहरूबाट नक्कली आधार कार्ड, प्यान कार्ड, बंगलादेशी मुद्रा र मोबाइल फोन फेला पारिएको छ । पक्राउ परेका सबै व्यक्तिहरू बंगलादेशको बागेरहाट जिल्लाको फकिरबारीका बासिन्दा हुन्। यी व्यक्तिहरूमा वयस्क पुरुष, महिला र बालबालिकाहरू छन्। रेलवे सुरक्षा बलले सूचनाको आधारमा रेलको सामान्य डिब्बाको खोजी गर्ने क्रममा यी 14 जना बंगलादेशी नागरिकलाई पक्राउ गरेको हो ।

**खरसाङ नामाङ्कन(BJP)**

खरसाङ विधानसभा समष्टिको लागि भारतीय जनता पार्टीको उम्मेद्वार सोनाम लामाले आज नामांकन पत्र बुझाउने कार्यक्रम

रहेको छ। यस विषयमा खरसाङमा पत्रकारहरुसित भारतीय जनता पार्टीको दार्जिलिङ जिल्लाका प्रवक्ता निरज थापाले आज सबैलाई बिहान 10 बजी अघि नै खरसाङ आईदिने अनुरोध गरेका छन्। उहाले भाजपा प्रार्थी सोनाम लामाले नामांकन पत्र बुझाउन अघि बिहान 10 बजीदेखि खरसाङको बस टर्मिनलदेखि रैलीको आयोजना गरेर मोटर स्ट्याण्डमा सानो कार्यक्रम हुने भएको जानकारी दिनुभयो ।त्यसपछि खरसाङ महकुमा शासकको कार्यालयमा पुगेर उम्मेद्वार सोनाम लामाले नामांकन पत्र बुझाउने भएको जानकारी जिल्ला प्रवक्ता निरज थापाले दिएका छन्। यसको साथै आज भारतीय जनता पार्टीका उम्मेदवारहरु क्रमैले सिलगडीबाट शंकर घोष,मत्तीगडा-नक्सलबारीबाट आनन्द बर्मन अनि फासिदेवा बाट दुर्गा मुर्मुले  पनि नामांकन पत्र बुझाउने कार्यक्रम रहेको छ |

**अमर लामा-नामाङ्कन**

खरसाङ विधानसभा समष्टिको लागि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा उम्मेदवार अमर लामाले हिज खरसाङमा आफ्नो नामाङ्कन पत्र बुझाएका छन्।

****** ० ******